# नेपालको लगातार दोस्रो जित

## सोमपालले लिए ५ विकेट

**नेपाल समाचारपत्र, काठमाडौं**

नेपालले टप इन्ड टी-२० सिरिजमा लगातार दोस्रो जित हासिल गरेको छ। नेपालले बुधबार भएको आफ्नो पाँचौं खेलमा मेलबर्न रेनेगेड्स एकेडेमीलाई ३३ रनले पराजित गरेको हो।

जितको लागि १ सय ४० रनको सहज लक्ष्य पच्छ्याएको मेलबर्न रेनेगेड्स २० ओभरमा अल आउट हुँदै १ सय ६ रनमा समेटिएको थियो। नेपाली बलरको उत्कृष्ट बलिङका कारण मेलबर्न टोलीले ५० रन नपुग्दै चार विकेट गुमाएको थियो।

नेपालको तर्फबाट फास्ट बलर सोमपाल कामीले घातक बलिङ गरे। उनले ५ विकेट लिएका थिए। यस्तै, कुशलले ३ तथा सहाब आलाम र रूपेश सिंहले १/१ विकेट लिए। तर, अघिल्लो खेलमा ५ विकेट लिएका नन्दन यादवलाई विकेट प्राप्त भएन।



त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले २० ओभरमा ९ विकेट गुमाउँदै १ सय ३९ रन बनायो। ओपनर कुशल भुर्तेल १ रनमा र आरिफ शेख १२ रनमा आउट भए। २ नोक्सानीमा नेपालले ३० रनमात्र बनाएको थियो।

त्यसपछि भीम सार्की र कुशल मल्लले तेस्रो विकेटका लागि ५० रनको साझेदारी गरे। भीम २७ रनमा र कुशल २९ रनमा पभेलियन फर्के। कुशल नै नेपालको लागि सर्वाधिक रन जोड्ने खेलाडी बने।

ब्याटिङमा संघर्ष गरेको नेपालले ६ विकेटको नोक्सानीमा मात्र ८३ रन बनायो। दीपेन्द्रले २७ र लोकेश बमले २४ रन बनाए। रूपेश सिंह अविजित १६ रनमा क्रिजमा रहे। यस खेलमा कप्तान रोहित पौडेल, सन्दीप लामिछाने, आशिफ शेख, रिजन ढकाल र करण केसीललाई विश्राम दिइएको थियो।

# रोनाल्डोको अल नासर फाइनलमा

**लन्डन, (एजेन्सी)**

अल नासर साउदी सुपर कपको फाइनलमा पुगेको छ। अल इत्तिहादलाई २-१ ले हराउँदै अल नासरले अन्तिम दुईको यात्रा पक्का गरेको हो। हङकङ स्टेडियममा भएको खेलमा लामो समय १० खेलाडीमा सीमित रहँदा पनि अल नासरले शानदार प्रदर्शन गर्‍यो।

खेलको सुरुवात नै रोमाञ्चक रह्यो। १० औं मिनेटमा साडियो मानेले गोल गर्दै अल नासरलाई अग्रता दिलाए। तर, मात्र ५ मिनेटपछि स्टेभेन बर्गविनले अल इत्तिहादलाई बराबरीमा फर्काए।

पहिलो हाफको अन्त्यतिर गोलकिपरमाथि फाउल गरेपछि माने रातो कार्ड पाएपछि अल नासर १० खेलाडीमा सीमित भयो र दबाबमा परेको थियो। त्यसका बाबजुद दोस्रो हाफमा अल नासरले फेरि अग्रता लिन सफल भयो।

६० औं मिनेटतिर जोआँ फेलिक्सले क्रिस्टियानो रोनाल्डोको असिस्टमा गोल गरे। यो फेलिक्सको चेल्सीबाट अल नासर पुगेपछि गरेको पहिलो गोल थियो।

# ज्ञान निकेतन र पिपुल्स एकेडेमीको जित

**काठमाडौं, (नेस)**

ज्ञान निकेतन र पिपुल्स एकेडेमीले तेश्रो न्यु जेनिथ कपअन्तर्गत अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजमा बुधबार जित हात पारेका छन्। ज्ञान निकेतनले हार्टल्यान्ड एकेडेमीलाई ५८-४५ ले पराजित गर्‍यो। ज्ञान निकेतनको जितमा सवाज मन्सुरले ३१ अंक योगदान गरे। अकिलेशको १८ अंक सहयोगमा पिपुल्सले गुरुकुलमलाई ३२-१० ले हरायो।

सिनियर ब्वाइजमै आयोजक न्यु जेनिथले आनन्दकुटीलाई २४-१८, नवोदितले भ्याली भ्युलाई ४७-३६, मनास्लुले एनआईसी एकेडेमीलाई ३८-२९, ग्यालेक्सी पब्लिक स्कुलले वीरसेबालाई १७-१५ र कन्स्टिलेसनले पुष्पसदनलाई ५७-५१ ले पाखा लगाए। न्यु जेनिथका राज रौनियारले ८, नवोदितका आदेशले १८, मनास्लुका भविक गुरुङले २३, ग्यालेक्सीका सुयोग श्रेष्ठले ७ र कन्स्टिलेसनका सुदिन तामाङले २९ स्कोर गरे।

सिनियर गर्ल्समा जेसिसले पुष्पसदनलाई २२-९ तथा ग्यालेक्सीले न्यु जेनिथलाई ३४-३ ले पन्छाए। जेसिसकी अनिभा महर्जनले १४ तथा ग्यालेक्सीकी न्यान्सी श्रेष्ठले १० अंक बटुले। भुरुङखेलस्थित आयोजक न्यु जेनिथमा भइरहेको प्रतियोगिताको यू-१३ ब्वाइज फुटसलमा प्याराडाइस रिडर्स, ग्यालेक्सी, हार्टल्यान्ड, रिब्स, एआई स्कुल, नि:सर्ग वाटिका, विद्यावाणी र ब्राइट होराइजनले क्वार्टरफाइनलमा स्थान सुरक्षित गरे।

# सलाहले जिते पीएफए अवार्ड

**लन्डन, (एजेन्सी)**

लिभरपुलका फरवार्ड मोहम्मद सलाहले प्रोफेस्नल फुटबलर्स एसोसिएसन (पीएफए) पुरुष वर्ष खेलाडीको अवार्ड जितेका छन्।

यससँगै ३३ वर्षीय सलाह तीन पटक यो पुरस्कार जित्ने पहिलो खेलाडी बनेका छन्। यसअघि उनले २०१७/१८ र २०२१/२२ को सिजनमा पनि यो अवार्ड जितेका थिए। इजिप्टका लिजेन्ड फुटबलर २०२४/२५ मा प्रिमियर लिगका सर्वाधिक गोलकर्ता थिए। उनले २९ गोल गर्न'का साथै १८ असिस्ट प्रदान गरे।

सलाहले आफ्नै क्लबका एलेक्सिस म्याक एलिस्टर, म्यानचेस्टर युनाइटेडका कप्तान ब्रुनो फर्नान्डेस, न्युक्यासलका स्ट्राइकर अलेक्जेन्डर इसाक, चेल्सीका फरवार्ड कोल पाल्मर र आर्सनलका मिडफिल्डर डेक्लन राइसलाई पछि पारे। सलाहले इङ्ल्यान्डका पूर्व प्रशिक्षक ग्यारेथ साउथगेटलाई फुटबलमा योगदान र राष्ट्रिय टोलीसँगको उपलब्धिका लागि




२०२४/२५ को प्रिमियर लिग प्लेयर अफ द सिजन अवार्ड पनि जितेका थिए।

यसै गरी एस्टन भिल्लाका मिडफिल्डर मोर्गन रोजर्स युवा खेलाडी घोषित भए। मेरिट अवार्ड प्रदान गरियो। यता, महिलातर्फ आर्सनलका मिडफिल्डर मारिओना काल्डेन्टेई वर्ष खेलाडी तथा फरवार्ड ओलिभिया स्मिथ युवा वर्ष खेलाडी घोषित भए।

# मार्सल आर्ट च्याम्पियनसिपमा पदक जित्नेलाई सम्मान

**हेटौंडा, (नेस)**

अजरबैजानको बाकुमा सम्पन्न इन्टरनेसनल बुदो मार्सल आर्ट च्याम्पियनसिप-२०२५ मा पदक जित्न सफल हेटौंडा उपमहानगरपालिका-१८ का खेलाडी सुदर्शन खतिवडालाई सम्मान गरिएको छ।

मकवानपुर क्योकुसिन कराते संघ बालकुमारी मकवानपुरको आयोजनामा जिल्ला खेलकुद विकास समितिको सभाहलमा आयोजित कार्यक्रममा नगर प्रमुख मीनाकुमारी लामाले खतिवडालाई नगद २५ हजार १ सय २५ रुपियाँ र सम्मानपत्र प्रदान गरिन्। प्रतिभाशाली खेलाडी खतिवडाले प्रतियोगितामा करातेतर्फ स्वर्ण र किकबक्सिङतर्फ कास्य पदक हात पारेका थिए। जुलाई २६ देखि २८ तारिखसम्म सम्पन्न प्रतियोगितामा विभिन्न देशका खेलाडीको सहभागिता थियो।

उनको उत्कृष्ट प्रदर्शनले आयोजक र दर्शकहरूको ध्यान तानेको भन्दै आयोजकले प्रशंसा गरेका छन्। लामो समयदेखि कराते र किकबक्सिङ अभ्यासमा सक्रिय खतिवडाले यसअघि पनि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सफलता हासिल गरिसकेका छन्।

# ग्रिनल्यान्ड बास्केटबल आजदेखि

**काठमाडौं, (नेस)**

ग्रिनल्यान्ड आवासीय माविको आयोजनामा १९ औं ग्रिनल्यान्ड अन्तर विद्यालय बास्केटबल प्रतियोगिता बिहीबारदेखि हुने भएको छ।

प्रतियोगितामा ३ विधामा ५६ टिमको सहभागिता रहने ग्रिनल्यान्डका प्राचार्य थकिनकुमार गुरुङले बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए। सिनियर ब्वाइजमा २४ तथा जुनियर ब्वाइज र सिनियर गर्ल्समा समान १६-१६ टिमले भाग लिने छन्। लिग कम नकआउट आधारमा हुने प्रतियोगितामा जम्मा १ सय १ खेल हुनेछ।

प्रतियोगिता सञ्चालन गर्न करिब ३ लाख रुपियाँ खर्च हुने ग्रिनल्यान्डका सह-प्राचार्य विनोद घिमिरेले जानकारी दिए। विद्यालय प्रतियोगिताको पुरानो मध्येको एक ग्रिनल्यान्ड बास्केटबल २०६० सालदेखि शुरू भएको थियो। २०६२/६३ को जनआन्दोलन, २०७२ सालको महाभूकम्प र २०७५/७६ को कोभिड महामारीका समय प्रतियोगिता हुन सकेको थिएन।

# जेभियर र सीसीआरसी सेमिफाइनलमा

**काठमाडौं, (नेस)**

जेभियर इन्टरनेसनल कलेज र क्यापिटल कलेज एन्ड रिसर्च सेन्टर (सीसीआरसी) ग्लोबल हुप फेस्टअन्तर्गत अन्तरकलेज प्लस टु छात्र बास्केटबल प्रतियोगितामा बुधबार सेमिफाइनलमा प्रवेश गरेका छन्। सानागाउँस्थित रोयल स्पोर्ट्स सेन्ट्रलको हलमा जेभियरले ग्रिनफिल्ड नेसनल कलेजलाई ७४-६१ ले पराजित गर्‍यो। जेभियरका साइरस मगरले २४ अंक जोडे। ग्रिनफिल्ड पनि समूह उपविजेताका रूपमा सेमिफाइनल पुग्न सफल भयो।

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, बौनिया शाखाको १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२/०५/०५ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल कार्तिक महिना ०७ गतेको "अन्नपूर्ण पोस्ट्" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल जेष्ठ महिना २० गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा अन्य शाखाहरूमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल:**

**ऋणी-१ को नाम र ठेगाना :**

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. १३२५९/०६५/६६ स्थानिय व्यापार कायम भई मिति २०६५/०९/१४ मा दर्ता भएको कैलाली जिल्ला, जोशीपुर गाउँपालिका वडा नं. १, स्थित **मोहन्याल ट्रेड एण्ड सप्लायर्स (प्रो. डवल बहादुर बम)...१**

**ऋणी-२ को नाम र ठेगाना :**

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. २३००८/०७३/७४ स्थानिय व्यापार कायम भई मिति २०७३/०६/१० मा दर्ता भएको कैलाली जिल्ला, जोशीपुर गाउँपालिका वडा नं. २, स्थित **न्यू महुन्याल ट्रेड एण्ड कन्सर्न (प्रो. योगेन्द्र बम)...१**

**ऋणी-१ र २ का व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :**

धन बहादुर शाहको छोरी, योगेन्द्र बमको श्रीमती, कैलाली जिल्ला, गोदावरी गा.वि.स. वडा नं. १ बस्ने **गिता शाह...१**

पुर्ण सिं बमको नाती, चक्र बहादुर बमको छोरा, कैलाली जिल्ला, जोशीपुर गा.पा. वडा नं. २ बस्ने **योगेन्द्र बम...१**

प्रताप सिंह चन्द्रको छोरी, चक्र बहादुर बमको श्रीमती, कैलाली जिल्ला, जोशीपुर उ.म.न.पा./गा.वि.स. वडा नं. ८ बस्ने **कौसिल्या देवी बम...१**

गजेन्द्र बहादुर शाहीको छोरी, डबल बहादुर बमको श्रीमती, बर्दिया जिल्ला, डेउढाकला उ.म.न.पा./गा.वि.स. वडा नं. ३ बस्ने **सरस्वती शाही...१**

पुर्ण सिं बमको नाती, चक्र बहादुर बमको छोरा, कैलाली जिल्ला, जोशीपुर गा.वि.स. वडा नं. ८ बस्ने **डबल बहादुर बम...१**

माहा सिं बमको नाती, पुर्ण सिं बमको छोरा, कैलाली जिल्ला, जोशीपुर गा.वि.स. वडा नं. ८ बस्ने **चक्र बहादुर बम...१**

**ऋणी-१ र २ का धितो सुरक्षणको विवरण :**

१. **सरस्वती शाही**को नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, मुद्धी गा.वि.स./न.पा. वडा नं. २ (नक्सा सिट नं. २) को कित्ता नं. २५४ को ०-१-० (वि-क-धु) र कैलाली जिल्ला, लालपुरवाणी गा.वि.स./न.पा. वडा नं. १ को कित्ता नं. १६० को ०-७-१० (वि-क-धु) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. **चक्र बहादुर बम**को नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, मुद्धी गा.वि.स./न.पा. वडा नं. १ को कित्ता नं. ५१ को ४-२-५ (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा अन्य शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा बौनिया शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८२ साल भाद्र महिना १९ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८२ साल भाद्र महिना २३ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

## वालिङ नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**वालिङ, स्याङ्जा**
**गण्डकी प्रदेश नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

**प्रकाशित मिति २०८२।५।५**

यस कार्यालयबाट प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मूल्याङकन गर्दा तपसिलको बोलपत्र न्यूनतम मूल्याङकित सारभुत रुपमा प्रभावग्राही भई मूल्याङकन समितिबाट स्वीकृतको लागि सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) अनुसार तथा सोही ऐन को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| .सि.न | ठेक्का नं. | योजनाको नाम | छनौटका लागि सिफारिस भएको बोलदपत्रदाता | बोल कबोल अंक (रु.) भ्याट समेत |
|---|---|---|---|---|
| १ | ८/२०८१/ २०८२ | वि.पि चोक भमटारी हुदै मिर्दि खरिबोट सडक स्तरोउन्ती वालिङ ८ | देवत्री सरोवर ईन्जिनियरङ विल्डर्स प्रा.लि. | ६६१६९१३.४० |

## नेपाल सरकार

**भौतिक पुर्वाधार तथा यातयात मन्त्रालय**
**संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय**
**सडक विभाग**
**सडक डिभिजन चन्द्रनिगाहपुर, रौतहट**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८२।०५।०५**

यस कार्यालयको सूचना नं. २०८२/८३-०१ मिति २०८२।०४।०४ मा bolpatra.gov.np/egp तथा आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार प्राप्त बोलपत्रहरुको मुल्यांकन हुदाँ तपशिल अनुसारको बोलपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| ठेक्का नं. | बोलपत्रदाताको नाम | कामको विवरण | कबोल रकम (मु. अ. कर समेत) |
|---|---|---|---|
| RDCNP/337310113/082/83-01 | M/s Bishal Nirman Sewa, Hajariya-09, Sarlahi | Reactive Maintenance works along Nawalpur-Malangwa Road (Ch:0+000 to 29+190), Sarlahi | 46,30,123.58 |
| RDCNP/337310113/082/83-02 | M/s Sony Builders and Engineering, Imadol-03, Lalitpur | Reactive Maintenance works along Naya Road to Madhuwani Section (Ch:0+000 to 21+000), Sarlahi | 52,24,781.00 |
| RDCNP/337310113/082/83-03 | M/s Sony Builders and Engineering, Imadol-03, Lalitpur | Reactive Maintenance works along Naya Road to Madhuwani Section (Ch:21+000 to 42+000), Sarlahi | 49,17,873.00 |
| RDCNP/337310113/082/83-04 | M/s Diamond Construction, Gaur-02, Rautahat | Reactive Maintenance works along Chandranigahpur-Gaur road Section (Ch:0+000 to 25+440), Rautahat | 46,42,251.31 |
| RDCNP/337310113/082/83-05 | M/s Bishal Nirman Sewa, Hajariya-09, Sarlahi | Reactive maintenance works along Bagmati-Chandranigahpur-Dhansar road, Rautahat | 23,12,958.58 |
| RDCNP/33701136/082/83-06 | M/s Bishal Nirman Sewa, Hajariya-09, Sarlahi | Railing Maintenance of Naya Road(MRM) - Barhatwa -Madhubani(Ch:0+000-42+000), Sarlahi. | 19,10,457.89 |

**डिभिजन प्रमुख**